# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २१ चैत्र २०८०

# बुधवार

# बैठक सङ्ख्या- १८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१५ बजे प्रारम्भ भयो।

(१३:१८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरू, शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई एक/एक मिनेटको समय निर्धारण गरेको छु।

माननीय दुर्गा गुरुङ।

(१३:१८ बजे) **माननीय श्री दुर्गा कुमारी गुरुङ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, म एउटा द्वन्द पीडित एकल महिला हुँ। माओवादीले चलाएको युद्धको कारण मैले आफ्नो श्रीमान् गुमाएँ। मजस्तै हजारौं महिला विधवा भयौं तर पछि सहकार्य गर्दै संयुक्त जनआन्दोलनमा सहभागी भई संविधानसभामार्फत संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान बन्यो तर शान्ति प्रक्रिया नटुङ्गिदा कता कता डर लाग्ने गर्छ। त्यो दुःखद् घटनाको स्मरण हुन्छ। त्यसैले सत्य निरूपण तथा मेलमिलाप आयोगको काम तीव्रतामा अघि बढोस् र नीति कार्यक्रम आए जस्तै

शान्ति प्रक्रिया चाँडो टुङ्गी सबै पीडितहरूको गाउँमा मलमपट्टी लगाइयोस्। सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यान गम्भीर जाओस् भन्ने अनुरोध गर्दछु। हस् त, धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:१९ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काँग्रेस):**- सम्माननीय अध्यक्ष महोदय, आज नितान्त जिल्लाको कुरा, क्षेत्रको कुरा एउटा पर्यटकीय बाटो छ। घोडाघोडी नगरपालिकाको विश्व सिमसार क्षेत्रमा सूचित घोडाघोडी ताल, अर्को नेपालको सबैभन्दा ठुलो ऐतिहासिक टीकापुर पार्क जहाँ तत्कालीन राजा महेन्द्रले स्वास्थ्य लाभ गरेको ठाउँ, यी दुवै पर्यटकीय क्षेत्रलाई जोड्ने सबैभन्दा छोटो बाटोमा सबै ठुला नदीहरूमा पुलहरू निर्माण भइसकेका छन्। करिब करिब सबै बाटो पनि खण्ड खण्डमा पिच भइसकेको छ। तर क्रमागत योजनामा रहेको एउटा खण्ड घोडाघोडी नगरपालिकाको हरिनगरदेखि ..... नगरपालिकाको भरतपुरसम्म कुल खण्डमा वर्षको २० मिटर, २५ मिटरका दरले गरिने पिचले त्यो खण्डको बिजोगको कारण पर्याप्त मात्रामा पर्यटकहरूको सम्भावनामा कमी आएको छ। सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत सम्बन्धित निकायलाई विन्रमपूर्वक अनुरोध गर्दछु कि यस वर्षको बजेटमा उक्त खण्ड पूर्ण रूपमा सम्पन्न हुने गरी बजेट व्यवस्था होस्। सम्झना होस्, चालु वर्षमा जम्मा कुल १० लाख रुपैयाँ मात्र विनियोजन भएको थियो। जबकि कतिपय वर्षमा करोडौं र विगत वर्षमा पनि ५० लाख थियो। .....(समय सकिएको)।

(१३:२१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ।

माननीय सदस्यहरू, विशेष समयमा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सुरेश कुमार आलेमगर। समय १० मिनेट। त्यसपछि माननीय कृष्णबहादुर रोकाय।

(१३:१९ बजे) **माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):**- सम्माननीय अध्यक्षज्यू, आज सबभन्दा पहिले ताइवानको भूकम्पबारे केही कुरा राख्न

चाहन्छु। ताइवानमा बुधबार विहान झन्डै २५ वर्षपछि ७.४१ स्केलको, हुनत विभिन्न सञ्चार माध्यमहरूको फरक फरक छ, ७.४, ७.८ भनेका छन्। जे होस् त्यहाँ एउटा शक्तिशाली भूकम्प गएको छ। र त्यहाँ घाइते चाहिँ पचासौं हजार भएका छन्। तर मृत्युको सङ्ख्या भने फरक फरक छ। र अहिलेको प्रारम्भिक रिपोर्टअनुसार news, सञ्चारमाध्यमहरूमाले बताएअनुसार ४ जनाको मृत्यु भएको भन्ने समाचार प्राप्त छ। र यो ताइवानको हुवालियन सहरबाट १८ किलोमिटर दक्षिणतर्फ केन्द्रविन्दु रहेको थियो। र त्यहाँ चाहिँ घरहरू, भवनहरू, संरचनाहरू भत्केका, ढल्केका, क्षतिग्रस्त भएका छन्। यस सन्दर्भमा त्यो भूकम्पबाट मृत्यु भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु। सम्पूर्ण घाइतेहरूको शीघ्र उपचारको कामना गर्दछु। र यो सन्दर्भमा हाम्रो सरकारले पनि सम्माननीय अध्यक्षमार्फत समवेदना सन्देश त भइ नै हाल्छ, जे जस्तो सहयोग गर्न सक्छ, त्यो गर्नका लागि हार्दिक अनुरोध गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अब म केही एउटा फरक प्रसङ्गबारे केही कुरा राख्न चाहन्छु। हुनत यो प्रसङ्ग, यो सन्दर्भ केही पुरानो भइसकेको छ, केही बासी भइसकेको छ। तर केही केही शब्दमा आनको तान फरक परेको, केही व्याख्या परिभाषाहरूको अपव्याख्या भएको, केही तथ्यहरूलाई तोडमरोड गरिएको हुनाले म केही धारणा राख्न चाहन्छु। हाम्रो पार्टीका आदरणीय अध्यक्ष महोदय नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यूले एउटा कार्यक्रममा आफ्नो मन्तव्य राख्ने सन्दर्भमा भन्नुभएको थियो, उथलपुथल। भन्नुभएको शब्द थियो उथलपुथल तर यहाँ हाम्रो कान्छो समूह अथवा महिला माननीयज्यूहरूलाई यो पूर्वाग्रह गर्ने शब्द भयो भन्ने लाग्छ भने कान्छी पनि भन्न सकिन्छ। कान्छो/कान्छी समूहका वरिष्ठ एकजना माननीयज्यूले अल्टनपल्टन भनिदिनुभयो। कहाँको उथलपुथल, कहाँको अल्टन पल्टन। शब्द त्यो थिएन। शब्द थियो उथलपुथल, यहाँ भनियो अल्टनपल्टन। नेपालीमा उथलपुथल, अंग्रेजीमा let me say it is called upheaval, upheaval। जुन माननीयजीने ये बाते यहाँ रखी वो पहाडिया बाहुन होकेर भी वो जीस तरिकेसे नेपाली बोलते हैं और जिस ढङ्गसे नेपाली बोलते हैं, उस्से मुझे यसा लगता हे कि उनको हिन्दीकी भी अच्छी खासी जानकारी हैं। इसिलिए चलिए लगे हातो बोल्देता हुँ हिन्दीमे कहेते हैं उलटपुलट। नेपालीमा उथलपुथल, English मा upheaval, हिन्दीमा उलटपुलट। यस्तो शब्द त कतै पनि मिल्दैन अल्टनपल्टन त। हो त्यसैले यो माननीयज्यूको ध्यानाकर्षण म केतर्फ गराउन चाहन्छु भने शब्द त्यतातिर थियो, यस्तो थिएन। र अनि के पनि भन्नुभा'को थियो भन्दाखेरि दल बदलु र पल्टुराम। म के कुरा स्पष्ट राख्न चाहन्छु भने हाम्रो पार्टीका आदरणीय अध्यक्ष कमरेड प्रचण्डले कहिले पनि दल बदल्नुभएको छैन। पल्टुराम उहाँ होइन, अनि उहाँ दल बदलु पनि होइन। यो म जोडदार रूपमा राख्न चाहन्छु। बरु निश्चित

समयमा निश्चित राजनीतिक कोषलाई उहाँले बदल्दिनुभएको छ। आफ्नो पार्टीबाट कतिपय मान्छेहरूलाई कारबाही गर्नुभएको छ, निकाल्नुभएको छ। तर उहाँले कहिले पनि दल बदल्नुभएको छैन। चाहे अगाडि होस्, चाहे अहिले होस्, त्यही पार्टी छ नेकपा एकता केन्द्र। पहिलेको गठबन्धनमा पनि पार्टी यही थियो नेकपा एकता केन्द्र, sorry माओवादी केन्द्र, अहिले पनि यही नै छ नेकपा माओवादी केन्द्र। त कहाँ दल बदल्नुभयो? जसले दल बदलेकै छैन, उहाँ कसरी दल बदलु हुनुभयो? जो पल्टउनुभा' कै छैन, उहाँ कसरी पल्टुराम हुनुभो'? त्यसैले यो यहाँ मिलेन कि? यो अलिकति हजम भएन माननीयज्यू। हजम भएन त्यसैले मैले हजमोला खाएको थिएँ, अझै बाँकी छ। त्यो खाएर पनि हजम भएन। यो खाएर पनि हजम भएन। त्यसैले जुन यथार्थ त्यही भन्द्या भए हुन्थ्यो भन्ने लाग्ने।

यिनै कुराहरूपछि सम्माननीय अध्यक्ष महोदय, हामी यतिबेला यो नयाँ वर्ष, नयाँ आर्थिक वर्षको बजेटको सन्दर्भमा पनि छलफल गरिरहेका छौँ। यो नयाँ आर्थिक वर्षको ०८१/०८२ को बजेट हामी ल्याउन गइरहेका छौँ। यसको सैद्धान्तिक तथा प्राथमिकताको बारेमा हामीले छलफल सकिसकेका छौँ। र अझै छलफल अगाडि बढ्छ होला र केही महिनापछि बजेट पनि प्रस्तुत हुन्छ होला। यो बजेट निर्माण गरिरहँदा म कता पनि ध्यानाकर्षण गर्न चाहन्छु भने म्याग्दी जिल्ला, गण्डकी प्रदेशको म्याग्दी जिल्लामा एउटा यस्तो वडा अझै छ, वडा नम्बर १। एउटा वडा यस्तो अझै छ, वडा नम्बर १। जहाँ अझै पनि सडक सञ्जाल पुगेको छैन। त्यही पर गण्डकी प्रदेशको म्याग्दी जिल्ला, त्यो म्याग्दी जिल्लाको वडा नं. १ अझै पनि त्यहाँ के छ भन्दाखेरि सडक पुगेको छैन। सडक सञ्जालमा त्यो जोडिएको छैन। त्यसैले यस्ता यस्ता क्षेत्र, यस्ता यस्ता ठाउँहरू, यस्ता यस्ता क्षेत्रहरूलाई मध्यनजर गरेर बजेटको निर्माण गरियोस्, बजेट बनाइयोस्। हुनत बजेट जताततै चाहिएको होला। सडकको आवश्यकता जताततै होला। बनाउनुपर्ने संरचनाहरू, निर्माण गर्ने कुराहरू जताततै आवश्यक होलान्। त्यो कुरा पक्कै पनि छ। र बजेट स्रोत साधनको सीमितता पनि छ। हिजो हाम्रो एउटा विधायन व्यवस्थापन समितिको कार्यक्रममा त्यो बैठकमा आउनु हुँदाखेरि माननीय अर्थमन्त्रीज्यूले भन्नुभएको थियो, बजेटको सीमितता छ, स्रोत साधनको सीमितता छ, त्यो हो पनि। तर त्यसो हुँदाहुँदै पनि यस्ता यस्ता क्षेत्रहरू आगामी बजेट निर्माण गर्दा नछुटुन् भन्ने विशेष म आग्रह गर्न चाहन्छु। र सम्माननीय अध्यक्ष महोदयमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।

र अर्को सन्दर्भमा म के भन्न चाहन्छु भन्दाखेरि यो देशमा इमानदारीको खडेरी परेको छ। इमानदारीको, sincerity को, honesty को। जस्तै पहिलो कुरा त हामीसँग स्रोत साधन नै छैन। बजेट निर्माण नै हुँदैन, बजेट पुग्दैन, बजेट निकासा हुँदैन। तर जहाँ बजेट निकासा हुन्छ,

जहाँ बजेट विनियम हुन्छ, त्यो क्षेत्रमा पनि निर्माण भएको हुँदैन, बजेट खर्च हुँदैन। बजेट खर्च भएको हुँदैन। यो जुन पुँजीगत रकम छ, त्यो खर्च भएको हुँदैन। त्यसको लागि योग्यता क्षमताको कुरा होइन। त्यसको लागि इमानदारी चाहिन्छ। यो इमानदारी यहाँ मैले देखिनँ। त्यही कारणले पुँजीगत खर्च, पुँजीगत जुन बजेट छ, त्यो खर्च गर्न सकिएन भनेर हामी जुन रोइलो मच्चाइरहेका छौं त्यसको पछाडिका कारण यही हो कि इमान्दारी छैन। सम्बन्धित व्यक्तिहरूले, नेताहरूले, कर्मचारीहरूले आफूलाई जहाँ फाइदा हुन्छ, त्यहाँ खर्च गरेका हुन्छन्। जहाँ कमिसन पाइन्छ, जहाँ खान पाइन्छ, जहाँ आफूले हसुर्नु पाइन्छ, त्यहाँ बजेट खर्च गरेका हुन्छन् तर जहाँ त्यो पाइँदैन, त्यहाँ खर्च गरेको हुँदैन। यसकारणले पुँजीगत खर्च, हामीले पुँजीगत बजेट हामीले खर्च गर्न सकेनौं। हो त्यसैले अब देशमा योग्यता क्षमता त छ हामीसँग, सबैसँग होला। जो मन्त्री हुनुभो', मुख्य सचिव हुनुभो', सचिव हुनुभो', के के हुनुभो', योग्यता क्षमता सबैसँग होला तर इमानदारी भएन। त्यसकारणले विनियोजित गरेको बजेट पनि खर्च भएन। त्यो खर्च नभएको कारणले देशको अर्थतन्त्र डामाडोल भो', चलायमान भएन। समस्या यहाँनिर पऱ्यो। हो त्यसैले यो इमानदारी, इमानदारी बरु कहाँ किन्न पाइन्छ होला? यो इमानदारी कहाँ किन्न पाइन्छ होला? किन्न पाइने भए किन्न हुन्थ्यो। त्यसैले यतातिर सबैले ध्यान दिनुपर्दछ भन्ने मलाई लाग्दछ।

विद्युत् प्राधिकरणको जुन लोड सेडिङ थियो, लोड सेडिङ हट्नु चमत्कार थियो। मान्छेले सोचेकै थिएनन् लोड सेडिङ हट्छ भनेर। १८/१८ घण्टासम्म नेपाली जनता अन्धकारमा बस्थे। त्यो लोड सेडिङ किन भयो? त्यहाँको मुख्य हाकिम म्यानेजिङ डाइरेक्टर, प्रमुख निर्देशक तर जसलाई उनीहरूले कार्यकारी निर्देशक भन्ने गरेका छन्। नेपालीमा कार्यकारी निर्देशक, अङ्ग्रेजीमा म्यानेजिङ डाइरेक्टर। हुनत यो गल्ती छ तर जे होस् त्यसको प्रमुख मान्छेले मान्छेमा इमान्दारी थिएन। अगाडिको प्रबन्ध निर्देशक एमडी डाक्टर मुकेश काफ्ले, पीएचडी होल्डर। उनीमा इमान्दारी थिएन। त्यसैले लोड सेडिङ भयो। जनता १८/१८ घण्टा, १८/१८ घण्टा दिनमा अँध्यारोमा बस्न बाध्य भए। तर उनीपछि आएका उनको सक्सेसर कुलमान घिसिङले, कुलमान घिसिङका प्रिडिसेसर मुकेश काफ्लेले इमान्दारी देखाएनन्, लोड सेडिङ भयो। उनको सक्सेसर उत्तराधिकारी कुलमान घिसिङले इमान्दारी देखाए। त्यसकारण लोडसेडिङ हट्यो। हो त्यसैले अब इमानदारी चाहियो। योग्यता क्षमता सबैसँग होला। जससँग छैन, त्योसँग त छैन नै। तर जससँग छ, त्यससँग छ। हो, योग्यता क्षमता भएर पनि किन त्यस्तो स्थिति आयो त भन्दाखेरि इमानदारी भएन। यो इमानदारी हामी सबैमा चाहियो। हामी नेताहरूमा चाहियो, कर्मचारीमा चाहियो, जनता, सबैमा चाहियो। यतातिर सबैको ध्यानाकर्षण

गराउँदै यो इमानदारी भयो भने बजेट, स्रोत साधनको पनि व्यवस्था हुन सक्छ। विनियोजित गरिएको बजेट पनि खर्च हुन सक्छ। र देशमा विकास निर्माणको काम हुन सक्छ। यसो भयो भने नेपाली जनताको आशा धेरै हदसम्म पूरा हुन सक्छ भन्ने कुरा राख्दै मेरो भनाइ यहीँ टुङ्ग्याउन चाहन्छु। धन्यवाद। अभिवादन।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य कृष्ण बहादुर रोकाय। त्यसपछि माननीय भगवती न्यौपाने। कृष्णबहादुर रोकाय। समय ७ मिनेट।

**(१३:३२ बजे) <u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय गौरवका आयोजना छनोट स्पष्ट आधार तथा मापदण्ड निर्धारण नहुँदा राष्ट्रिय गौरव आयोजनाको सङ्ख्यामा बढोत्तरी भए पनि लक्ष्य, उद्देश्य र तोकिएको समयभित्रमा सम्पन्न नहुने र आयोजनाको लागत मात्रै बढ्दै जाने प्रवृत्ति देखा परेको छ। त्यस्तै राष्ट्रिय गौरवका आयोजनाहरूको ठेक्का व्यवस्थापन, प्रक्रिया र सरल छिटो छरितो तथा पारदर्शी नहुनु, ठेक्का प्राप्त गर्ने निर्माण व्यवसायको क्षमता मूल्याङ्कन वस्तुगत नभई एकै व्यक्तिले धेरै ठेक्का प्राप्त गरी निर्माण कार्यमा गुणस्तरीय तथा प्रभावकारी हुन नसकेको देखिन्छ।

सम्माननीय अध्यक्षज्यू, नेपालको पाँचथर चियोभन्ज्याङदेखि पश्चिम बैतडीको झुलाघाटसम्म जोड्ने १८७९ किलोमिटर लामो सडक नेपाल देशकै राष्ट्रिय गौरवको आयोजना हो। राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत मध्यपहाडी लोकमार्गको निर्माण कार्य पनि कछुवाको गतिझैं छ। मध्यपहाडी लोकमार्गको रुकुम पश्चिम चौरजहारी-जाजरकोट-कुदु जोड्ने पुल भेरी नदीमा हालसम्म नबन्दा मध्यपहाडी लोकमार्ग निर्माणको गति रोकिएको छ। मिति २०६९/०३/२९ मा वाइपि कन्स्ट्रक्सन प्रा. लि. सँग सम्झौता भई करिब ११ वर्षसम्ममा अलपत्र अवस्थामा रहेको पुलको ठेक्का २०७९/०६/३१ मा सम्झौता तोडियो। पुनः मिति २०८०/०७/०२ मा ठेक्का भई २०८०/१०/०२ मा ओभररेटका कारण रद्द भएको छ। यसलाई यथाशीघ्र पुनः टेन्डर गरी पुल निर्माण गर्न म सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु। उक्त पुल निर्माणपश्चात् रुकुम पश्चिम कर्णाली प्रदेशको राजधानी सुर्खेत र नेपालसम्मको दूरी कम हुन गई विशेषज्ञ सेवा लिने बिरामीहरूको र दैनिक उपभोग्य सामग्री आपूर्तिमा समेत नागरिकको पहुँच बढ्ने छ।

अर्कोतिर जाजरकोट जिल्लाको छेडाघाट नगरपालिकाअन्तर्गत झाप्रा कार्की गाउँ सडक खण्डको मन्ताभिर ट्र्याक ओपन नहुँदा, ओपन हुन नसक्दा दैलेख खण्ड जोड्न सकिएको छैन।

यो खण्डलाई पनि यथाशीघ्र ट्र्याक ओपन गर्नको लागि जोडदार माग गर्दछु। जाजरकोटको मन्ताभिर ट्र्याक ओपन नहुँदा बैतडीको पाटनदेखि रुकुम पश्चिम हुँदै बाग्लुङ, पोखरा, काठमाडौंसम्मको यात्रा जोडिन सकेको छैन। अपर कर्णाली आयोजना पनि हालसम्म सम्पन्न भई कर्णालीबासी उक्त आयोजनाबाट लाभान्वित भइसक्नुपर्नेमा पटक पटक म्याद थप गर्दा समेत उक्त आयोजना हालसम्म सम्पन्न हुन सकेको छैन। उक्त आयोजना पनि यथाशीघ्र सम्पन्न गर्न सम्माननीय अध्यक्षज्यूमार्फत सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय गौरवको आयोजनाबाहेक सल्लीबजारदेखि चौरजहारीसम्मको सडक पनि आशातीत ढङ्गले अगाडि नबढेकोले त्यस क्षेत्रको विकास पछि परिरहेको छ। २०२८ सालदेखि सञ्चालनमा आएको चौरजहारी एयरपोर्ट हाल बन्द अवस्थामा छ। २०८० कार्तिक १७ गते राति जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु बनाएर गएको भूकम्पको बेलामा राहत र उद्धारको लागि केही चौरजहारी एयरपोर्ट सञ्चालन गरियो। तर हाल उक्त एयरपोर्ट पूर्ण बन्द अवस्थामा छ। विशेष गरी त्यस भेगका हवाई यातायात सञ्चालन पनि अति महत्त्वपूर्ण छ। सरकारले एकातिर नयाँ नयाँ एयरपोर्ट बनाउने प्रयास गरिरहेको छ। र पुराना एयरपोर्टहरू गौचरमा परिणत भएका छन्। सम्माननीय अध्यक्ष महोदय, यी बन्द भएका पुराना एयरपोर्टहरूलाई सञ्चालनमा ल्याउन सम्माननीय अध्यक्षमार्फत सम्बन्धित मन्त्रालयको गम्भीर ध्यान आकर्षण गराउन चाहन्छु। साथै जाजरकोट र रुकुम पश्चिममा रहेका भूकम्प पीडितहरूको अस्थायी आवास निर्माणलाई पहिलो र दोस्रो किस्ता भुक्तानी ढिलासुस्ती भएको छ। अब वर्षातको सिजन पनि नजिकिँदै गरिरहेको अवस्थामा भूकम्पले क्षति भएको उच्च जोखिमपूर्ण संरचनामा नागरिक बास बसिरहने बाध्यता अवस्था छ। पुनर्निर्माणको लागि कुन डिजाइनमा घर बनाउने? हालसम्म नक्सा प्राप्त भएको छैन। नागरिकलाई सहज र कम झन्झटपूर्ण प्रक्रियाबाट सुविधा राहत प्राप्त गर्ने वातावरणको लागि समेत ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भगवती न्यौपाने। समय ८ मिनेट। त्यसपछि माननीय गोमादेवी तिमल्सिना।

(१३:३७ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, हामीले यो देश बनाउने सङ्कल्प गर्यौं । सत्तापक्ष र प्रतिपक्ष अस्थायी कुरा हो। आज एउटा यस्तो भाष्य निर्माण गरिएको छ, देश जताततै बिग्रिएको छ, भत्किएको छ, सबैतिर निराश छ। युवाहरूले रोजगार पाउने अवस्था छैन। त्यसैले देश बर्बाद भइरहेको छ।

यस्तो खालको न्यारेटिभ स्थापित गर्न खोजिएको छ। यसले देशको निम्ति यो वास्तवमा ठिक छैन। यो देशको निम्ति घातक हुन्छ। त्यसैले यो देश बनाउनका निम्ति हामी चाहे सत्तापक्ष हौं, चाहे प्रतिपक्ष हौं, सबैले अठोट गरौं। सरकारलाई सुझाव दिउँ। खबरदारी गरौं। सरकारले कमजोरी गर्दाखेरि सरकारलाई आलोचना पनि गर्न पाइन्छ, आलोचना गरौं। तर सकारात्मक असल नियतका साथ हामीले सुझाव दिउँ, आलोचना गरौं।

र अहिले अर्थतन्त्र समस्यामा छ। यो कुरा हामी सबैले भनिरहेका छौं। सरकारले पनि स्वीकार गरिरहेको छ। अर्थतन्त्रमा मन्दी किन आउँछ? भन्दाखेरि आन्तरिक कारणले र बाह्य कारणले गर्दाखेरि अर्थतन्त्रमा मन्दी आउँछ। र अहिले आन्तरिक र बाह्य एकै साथ त्यस्तो परिस्थितिको कारणले गर्दा अर्थतन्त्रमा समस्या आएको छ। त्यसैले हामीले विश्वमा अरू देशहरूमा पनि अर्थतन्त्रमा मन्दी हुँदाखेरि अरू देशमा मन्दी हुँदा हामीले त्यो मन्दीको प्रभाव भोगेका छौं कि छैनौं? हामीले भोगेका छौं। र त्यो व्यापारिक सञ्जालमा भर पर्छ। कुनै देशमा मन्दी हुँदाखेरि त्यो मन्दीको पीडा अर्को देशले पनि भोग्छ। कुनै देशको मन्दीमा त्यो अर्को कुनै देशले त्यो मन्दीको पीडा भोग्दैन। त्यसैले गर्दाखेरि मैले योभन्दा अगाडि पनि भनेको थिएँ, १९३० मा अमेरिकामा ग्रेट डिप्रेसन भयो। त्यो ग्रेट डिप्रेसनमा अर्थतन्त्रमा जब मन्दी आउँछ, अर्थतन्त्रमा समस्या देखा पर्छ। त्यो समस्या देखा परिसकेपछाडि त्यसको डायग्नोसिस गर्ने हो। त्यो रोग किन लाग्यो भन्ने कुराको खोजी गर्ने हो। अमेरिकाले १९३० मा डाइग्नोसिस गर्‍यो। सेयर मार्केटमा समस्या भएको कारणले गर्दाखेरि अर्थतन्त्रमा मन्दी आयो भनेर उसले चाहिँ त्यो निष्कर्ष निकाल्यो र उसले समाधानका उपायहरू खोज्यो। यसै गरेर अहिले जुन मन्दी आएको छ, रुस र युक्रेनको द्वन्द्वको प्रभाव हो कि होइन? भन्दाखेरि द्वन्द्वको प्रभाव हो। तर यो नै सबै थोक हो त? अर्थतन्त्रमा आएको यो अहिले जे नेपालमा मन्दी देखिएको छ, रुस र युक्रेनको द्वन्द्वको प्रभावको कारणले गर्दाखेरि पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको छ। तर यो सबै थोक हो त? होइन। ७० को दशकमा OPEC देशहरूले सिन्डिकेट लगाएर पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेका थिए। तर त्यतिखेर पेट्रोलियम पदार्थको मूल्य वृद्धि घटेसँगै मन्दी पनि समाधान भएको थियो। तर आज रुस र युक्रेनको द्वन्द्वले अर्थतन्त्रको मन्दीको प्रभाव हाम्रो नेपालमा पनि छ। हामीले पनि भोगिरहेका छौं। त्यसैले यो आन्तरिक कारण छ कि छैन त? बाह्य कारण मात्रै हो त? भन्ने सन्दर्भमा हामीले धेरैपटक भनेका छौं, धेरैपटक बहस गरेका छौं, आन्तरिक कारण पनि छ। र त्यो महत्वपूर्ण छ। त्यो समीक्षा गर्नुपर्दछ। जब हामीले समीक्षा गर्‍यौं, आन्तरिक कारण के हो भन्ने कुरा जब समीक्षा गर्‍यौं, जब हामीले त्यो रोग के हो? कसरी लाग्यो? भन्ने कुरा समीक्षा गर्‍यौं अनि हामीले उपचार पत्ता लगाउन सक्छौं। त्यसैले आज

आन्तरिक समस्या के हो भने विगतदेखि नै घर जग्गा कारोबार जसरी गरियो, त्यो एउटा महत्त्वपूर्ण कारण थियो। घर जग्गाको कारोबार नेपालको अर्थतन्त्रमा आज आएको मन्दीको एउटा महत्त्वपूर्ण कारण त्यो कारण थियो। बैङ्कले, वित्तीय संस्थाहरूले जसरी लगानी गरे, घरजग्गामा लगानी गरे। र त्यो लगानीसँगै मूल्य जसरी वृद्धि गरियो अनि मूल्य वृद्धि भइसकेपछाडि भाउ बढेपछि, जग्गाको भाउ बढेपछाडि फेरि त्यो भाउ बढाइएपछाडि फेरि ऋण त्यसरी लगानी गऱ्यो बैङ्क तथा वित्तीय संस्थाले। फेरि बढाइएको भाउमा पनि ऋण प्रवाह गऱ्यो।

यसरी चक्र चाहिँ जसरी यो चक्र चलिरह्यो, घर जग्गा कारोबारको चक्र चलिरह्यो। लाखौं घडेरीहरू क्रिएट गरिए। त्यसले गर्दा एउटा के भाष्य निर्माण गरियो भने लगानी गर्दाखेरि घर जग्गामा लगानी गरियो भने मात्रै त्यो लगानी सुरक्षित हुन्छ। अन्यथा लगानी सुरक्षित हुँदैन भन्ने भाष्य निर्माण गरिसकेपछाडि शैक्षिक लोनको नाममा बैङ्कबाट लोन लिने र त्यो कहाँ लगानी गर्ने भन्दाखेरि घर जग्गा कारोबारमा लगानी गर्ने। कृषिको नामबाट लोन लिने र त्यो कहाँ लगानी गर्ने भन्दाखेरि घर जग्गा कारोबारमै लगानी गर्ने। उद्योग सञ्चालन गर्नका निम्ति भनेर लोन लिने र त्यो कहाँ लगानी गर्ने भन्दाखेरि त्यो पनि घर जग्गा कारोबारमै लगानी गर्ने। त्यस्तो गर्दाखेरि घरजग्गा कारोबारमा जब लगानी गरियो अरू व्यवसायीहरू, अरू उद्योग सञ्चालनहरू गर्ने खालको स्थिति जब बनेन, त्यसले एउटा बबल बर्स्ट त्यो स्थिति पैदा भयो। आज त्यही कारणले गर्दाखेरि आर्थिक मन्दी अरू धेरै कारणहरू होलान् तर एउटा महत्त्वपूर्ण कारण त्यही कारण हो। घर जग्गामा पुँजीकरण गर्ने कुरा जब भयो, त्यही कारण हो। त्यसैले गर्दाखेरि आज हामीले त्यो कुरा पत्ता लगायौं भने हामी सरकारलाई सुझाव दिन चाहन्छौं। यो कुरा जब हामीले पहिचान गर्न सक्यौं त्यसपछाडि हामी ठिक ठाउँमा, अर्थतन्त्रलाई ठिक ठाउँमा ल्याउन सक्छौं। अब अर्थतन्त्रको समस्या समाधान गर्न सकिँदैन त? यो मन्दीबाट मुक्ति पाउन सकिँदैन त? सकिन्छ। निर्माण कार्यलाई बढी जोड दिनुपऱ्यो। मैले एक ठाउँमा पढेको थिएँ। बिल गेट्सले एउटा तथ्याङ्क सार्वजनिक गरेको मैले देखेको थिएँ। अमेरिकाले सय वर्षमा जति सिमेन्ट खपत गऱ्यो, चाइनाले तीन वर्षमा त्यो बराबरको सिमेन्ट खपत गऱ्यो। त्यसैले अहिले नेपालको सरकारले ध्यान दिनुपर्ने कुरा के हो भने अहिले निर्माण कार्यलाई जोड दिनुपर्ने, त्यो खालको अवस्था छ। त्यसले गर्दाखेरि सिमेन्ट उद्योगहरू चल्छन्, त्यसले गर्दाखेरि स्टिल उद्योगहरू चल्छन्, मजदुरहरूले काम पाउँछन्, ढुवानीका गाडीहरू चल्न थाल्छन्। त्यसैले निर्माण कार्यलाई बढी जोड दिनुपर्छ। मैले योभन्दा पनि अगाडि पनि भनेको थिएँ अपार्टमेन्ट बनाएर ..... धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य गोमादेवी तिमल्सिना। समय १२ मिनेट। त्यसपछि माननीय जित जंग बस्नेत।

(१३:५८ बजे) **माननीय श्री गोमा देवी तिमल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले म केही कुरा राख्न चाहन्छु। कुरा मेरो पनि सबैजनाले राख्नुभा' जस्तै हो। तर पनि अब आफ्नो पालोमा अब केही कुराहरू नयाँ नै आउन सक्छन्, पुराना नि हुन सक्छन्, यथार्थ कुराहरू सबैको हितमा पनि हुन सक्छ। मलाई लागेको कुरा अरूलाई पनि यस्तै लागेको छ भन्ने मलाई लागेको छ। हामी यो अहिले ०८०/०८१ को बजेट निर्माण गर्ने बेलामा हामी थुप्रैपल्ट छलफल गऱ्यौं। अब आज यो बजेटको छलफलको विषय त होइन तर मेरो कुरा राख्न खोजेको मैले। यो बजेटको छलफल गर्ने काम पनि हामीले गऱ्यौं। पटक पटक हामी छलफल गर्छौं। छलफलमा आएका कुराहरू साँच्चै नै हामीले बोलेका कुराहरू लागू हुन्छन् भनेर हामी ढुक्क पनि हुन्छौं। फेरि कुरा सुन्यो भोलि त उस्तै हुन्छ। अब यो हामी राष्ट्रिय सभाका मान्छेहरू, राष्ट्रिय सभाका माननीयहरू हामी सबै छायामा परेका छौं। छायामा के कारणले परेका छौं भने हामी नीति निर्माणको विषयमा छलफल गर्छौं। नीति निर्माणको विषयमा छलफल गरेका कुराहरू बाहिर मैदानमा देखिँदो रहेन्छ। मैदानमा देखिने चाहिँ के रहेछ भने कसले बाटोमा कति करोड, लाख, हजार, कति पैसा ल्याउन सक्यो, कसले कुलो बनायो, कसले नहर खन्यो, यस्ता कुराहरूले मात्रै माननीयहरूले काम गरेको जस्तो देखिँदो रहेछ। अझ त्यसमा पनि व्यक्ति विशेषले कसले कति गऱ्यो भन्ने कुराहरू आउँदो रहेछ। हामी नीति निर्माणको थलोमा छौं। नीति निर्माणमा हामी विभिन्न विषयमा, विभिन्न समितिहरूमा छलफल गर्छौं, आदेश दिन्छौं। तर हाम्रा कुराहरू चाहिँ मैदानमा त्यति धेरै सुनिँदैन। हामीले आफ्नो क्षेत्रमा कहाँ के छ? भन्ने कुरा हाम्रा आँखाले देखेको छ। हामी पक्कै पनि आखाँले नदेख्ने अन्धै पक्कै छैनौं। त्यस्ता मान्छेहरूलाई हामीले यहाँ पठाएकै छैनौं, आएकै छैनौं। त्यसो भएको हुनाले हामी सांसदहरूले, राष्ट्रिय सभाका माननीयहरूले आफ्नो लेटर प्याडमा लेखिएका त्यहाँ आफ्नो क्षेत्रमा भएका स्थलगत अवस्थालाई हेरेर केही रकम माग गर्दा पनि हाम्रो त्यो प्याडको, लेटर प्याडको कुनै सुनवाइ छैन। त्यस अर्थमा मैले भनेको हामी छायामा परेका छौं, हरेक कुराले। कम्तीमा पनि हामी प्रतिनिधिहरूको पनि प्रतिनिधि हो। प्रतिनिधिहरूले हामीलाई छानेर पठाउनुभएको छ। प्रतिनिधिहरूको पनि हामी प्रतिनिधि हो। हामी कोही १२ जिल्ला, कोही १३ जिल्ला, कोही ८ जिल्ला, विभिन्न प्रदेशमा कतिवटा जिल्ला हुन्छ, त्यो सबै जिल्लाको प्रतिनिधित्व गर्ने प्रतिनिधि हो। तर हामीलाई त्यो हिसाबले गणना नगरिएको जस्तो लाग्छ। हामीलाई यहाँ हामीले बोलेका कुराहरू पनि बाहिर कहिल्यै जनतासामु जान

पाउँदैन। हामीले बोलेका कुराहरू जनतासामु गएर जनताले पनि ए फलानाले यस्तो कुरा बोलिरा' छ, हाम्रो हितमा छ भन्ने कुरा हामी राष्ट्रिय सभाको सांसदहरूको त्यसरी तलसम्म जनताले हेर्न पाएको जस्तो महसुस भएको छैन। त्यसकारण म अध्यक्षज्यूमार्फत यो कुरालाई मन्त्रीमण्डलसम्म पुऱ्याएर हाम्रा यी कुराहरू, हामीले माग गरेका कुराहरू आफ्नो क्षेत्रमा भएका समस्याहरूलाई समाधान गर्नलाई लाग्ने हाम्रो लेटर प्याड पनि बिकोस् भन्ने लाग्छ। यो फेरि शब्द बिकोस् भन्ने शब्द पैसामा बेच्न खोज्या होइन। तर हाम्रो पनि त्यो सञ्चालन गर्न सकोस् हाम्रो लेटर प्याड पनि भन्ने मलाई लागेको छ।

हामी सधैं गरिब छौं भन्छौं। मलाई हाम्रो देश गरिब छ जस्तै लाग्दैन। अब हामी गरिब छौं भनेर हामी त नीति निर्माण गर्ने ठाउँमा, नीति बनाउने ठाउँमा पनि हामी सांसदहरू यति निरीह छौं, एकजना सचिवको भन्दा हाम्रो आयस्रोत कम छ। अब यही कुरा बाहिर जाँदाखेरि ए तलब बढा भन्यो भनेर भन्ने कुरा हुन्छ तर त्यो होइन। एउटा नीति निर्माण गर्न बस्ने नीति निर्माताको एउटा कर्मचारीभन्दा पनि तल्लो स्तरमा निरीह तरिकाले रहनुपर्ने अवस्था यो सरकारलाई पनि थाहा छ। अब सांसदहरूबाटै सरकारमा जानुभएको मन्त्रीहरू, अब उहाँहरूको पनि त्यही होला। उहाँहरू मन्त्री भइन्जेल त सुविधा होला। मन्त्री नहुँदा त फेरि ३०-३५ हजारको घर भाडा त्यही पनि पाउन गाह्रो। यी सबै तमाम खाले समस्याहरू हामी तमाम सांसदहरूको छ भन्ने मलाई लागेको छ। यी कुराहरूमा अध्यक्षमार्फत, सम्माननीय अध्यक्षज्यूमार्फत म यो सरकारसम्म पुऱ्याउन अनुरोध गर्छु। अब मलाई लाग्छ उहाँ पनि हामी जस्तै यही चपेटाबाट गुज्रिँदै आउनुभएको। अब अहिले अब सभापति भएसी अलिकति सुविधा भयो होला। हामीलाई त त्यो गाह्रो छ। त्यसो भएको हुनाले यस्ता कुराहरूमा हामी सबै सांसदहरूको पक्कै पनि यो मर्मलाई मैले उठाएको छु भन्ने मलाई लाग्छ। यदि त्यो मर्मलाई मैले बुझ्न सकिनँ भने त्यो मैले म आफैं बुझ्नेछु, मैले यो मर्मलाई बुझ्न सकेको रहेन्छु भनेर म माफी नै त माग्दिनँ, म आफैं मनन गर्नेछु।

हामी सधैं गरिब छौं भन्छौं। गरिब हामी पक्कै पनि छैनौं। हाम्रा विद्यार्थीहरू १० कक्षा पास गरेसी, एसएलसी पास गरेसी हामीले विदेश पढ्न पठाउँछौं। त्यहाँ अरबौं अरबौं रुपैयाँ हाम्रो नेपालको पैसा बाहिर ग'को छ। त्यो पैसा हाम्रो नेपालमा रहने हो भने नेपालीहरूको यहीं विकास हुन्थ्यो। उच्च शिक्षा हासिल गर्न भन्दै १० कक्षा पास गरेसी, एसएलसी पास गरेसी उच्च शिक्षाको लागि भनेर हामी १८ वर्षका छोराछोरीहरूलाई बाहिर पठाउँछौं। अनि उनीहरूको उहाँ न काम, न माम, न कुनै सहारा, त्यस्तो भएको हुनाले कति ती छोराछोरीहरू अकालमा ज्यान गुमाएको हामीले थुप्रै घटनाहरू सुन्न पाएका छौं। यस्तो कुरालाई हामी अभिभावकहरू हामी यही

हाम्रा नेता नेतृत्वहरू पनि कति जनाका छोराछोरीहरू सायद बाहिरै होलान्। हामी एसएलसी पास गरेसी अनि हामी बाहिरै पठाउन रहर मान्छौं। उनीहरूले आफ्नो जीवनको कुनै सुरक्षा हामी कति असुरक्षित कति सुरक्षित भन्ने कुरा नै थाहा नपाउने अवस्थामै हामीले पठाउँछौं। अनि त्यो पनि हामी आफू पनि भोलि छोराछोरी विदेश जान, अनि जान पनि कहाँ रुचि छ भने अहिले जापानमा थुप्रै जना जापान गएका छन्। अनि त्यसपछि अस्ट्रेलिया, अमेरिका यी देशहरूमा जो ठाउँमा कार्ड बन्छ, अनि त्यहीं बसोबास गर्न पाइन्छ, अनि हामी पनि छोराछोरीलाई त्यहाँ पठाउनलाई खुसी हुन्छौं। किनभने त्यहाँ गएपछि त्यहींको कार्ड होल्डर हुन्छ। अनि हामी घुम्न जान पाइन्छ। अनि हामी पनि मेरो छोराछोरीसँग घुम्न गयौं भनेर त्यहाँको, यहाँ काठमाडौंको सुन्धारा कस्तो छ भनेर थाहा नपाउनेले त्यहाँको अमेरिका र अस्ट्रेलियाको कुरा हामीलाई यहाँ खर्खर्ती भन्नुहुन्छ। हामीलाई लाज लाग्छ, हामीले एउटा सुन्धारा कस्तो छ भनेर नचिन्ने आमाबुवाले त्यहाँको अस्ट्रेलिया र अमेरिकालगायतका ठाउँका कुराहरू हामीलाई सुनाउनुहुन्छ। हामी आफ्नो देशको बारेमा हामीलाई चिन्ता छैन। हामीले आफ्नो देशको बारेमा हामीले बुझ्ने कोसिस गर्दैनौं। अनि घर जग्गा सबै बाँझो छ। अनि करेसा बारीमा साग रोप्दैनन्। गमलामा दुई पात साग रोप्यौं भने हामी मोबाइलमा हालेर देखाउँछौं। ल यस्तो भयो यति तरकारी भनेर। करेसा बारीमा दुई पात साग उम्रिँदैन। अनि यो लाजमर्दो कुरा कृषिप्रधान देश भनेको हाम्रो देश आज यस्तो यस्तो कुराले हामी पनि भौतारिएका छौं। त्यसैले हामीले यस्ता कुराहरूलाई कसरी संयोजन गर्ने आगामी दिनमा हामीले यी नकारात्मक प्रभावहरूलाई निस्तेज बनाउनको लागि हामीले प्रभावकारी ढङ्गले हाम्रो वर्तमान सरकारले नीति निर्माण गरोस्। र नीतिअनुसारको हामी सबैलाई त्यो नीतिमा बाँधेर सिङ्गै जनताहरूलाई त्यो प्रशिक्षित गरेर करेसा बारीमा साग रोपौं, बाँझो जग्गामा हामी खेती गरौं, अनि जमिन नभएकालाई पनि त्यहाँ चक्लाबन्दीको रूपमा एकै ठाउँमा खेती गरेर जीवनलाई सुखी बनाउने कोसिस गरौं भन्ने कुरा वर्तमान सरकारले गरोस् भन्ने कुरा म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारलाई यो कुरा पुऱ्याउन म अनुरोध गर्दछु।

मुलुकमा भएका उद्योग धन्दाहरू बन्द छन्। उद्योगधन्दाहरूको बारेमा प्रत्येक वर्ष आउँछ, हामी पढ्छौं, त्यो कार्यसूची पढ्छौं। तर उद्योग धन्दाहरूको त्यो पढ्दाखेरि हामी खुसी हुन्छौं, ओहो खुल्छ भनेर हामी खुसी हुन्छौं। नयाँ उद्योग खुल्छ भन्छौं, पुराना उद्योगहरू खुल्छ भन्छौं तर अहिलेसम्म कुनै पनि त्यस्तो चाख लाग्दो कुराहरू कहिले पनि पाइँदैन। सबै जनतालाई यो झुक्याउने कुरा हो भन्ने कुरा हामीलाई पनि लाग्न थाल्यो। त्यसैले जनताले सधैं यसरी झुक्किँदाखेरि, झुक्याउँदाखेरि यो विश्वास गर्दैनन्। यो जनताको विश्वास जित्ने किसिमले सरकारले काम गर्नको लागि राम्रो नीति बनाउनुपऱ्यो। त्यो नीतिअनुसारको काम गर्नलाई

सबैलाई एउटा अनुशासित ढङ्गले अगाडि बढाउने कोसिस गर्न पर्‍यो। हामी नेताहरू, हामी सांसदहरू, हामी आफैं सदनमा होस्, सडकमा होस्, चिया पसलमा होस्, जे मन लाग्यो त्यही बोलिरहेका हुन्छौं। अनि चोर नेताहरू, डाका नेताहरू भन्या हुन्छ। चोर डाका भ्रष्टाचारी हो भने त्यो हिसाबमा त आफू पनि त्यही हो। हो भ्रष्टाचारीहरूलाई कारबाही गर्नुपर्‍यो। अन्यायको विरुद्धमा हामी सबै एकमुख हुनुपर्‍यो। हामी यहाँ पक्ष होइन, विपक्ष होइन। कुनै पनि नेपाली जनताले न्यायको पक्षमा आवाज उठाउनुपर्छ। उनीहरूलाई हामीले प्रशिक्षित गरेर न्यायको बोली बोल्नको लागि ..... धन्यवाद।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य जित जंग बस्नेत। समय ५ मिनेट। त्यसपछि माननीय तुलसा कुमारी दाहाल।

(१३:५८ बजे) **माननीय श्री जित जंग बस्नेत (नेपाली काँग्रेस)**ः- सम्माननीय अध्यक्षज्यू, सर्वप्रथम त म अघि माननीयज्यूले भनिहाल्नुभो', ताइवानको भूकम्पमा ठुलो विनाशकारी भूकम्प गएको छ। त्यो विनाशकारी भूकम्पमा धेरै धनजनको क्षति पनि भएको छ, मानवीय क्षति पनि भएको छ। र मानवीय क्षतिमा पर्नुभएको, स्वर्गीय हुनुभएका व्यक्तिहरूप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। ठुलो मानवीय क्षति भएको कारणले नेपाल सरकारले पनि त्यसमा केही सहयोग गरोस् भन्ने म यस मञ्चबाट सभामुख महोदय त्यहाँसम्म सरकारसम्म पुगोस् भन्ने चाहन्छु।

र नयाँ विषयमा म प्रवेश गर्दैछु अध्यक्ष महोदय। यो नयाँ शैक्षिक सत्र सुरु भएको छ। अहिले विद्यालयमा भर्ना अभियान चलिरहेकै छ। यतिबेला नानीबाबुहरू विद्यालय नयाँ कक्षामा जान पाउँदा खुसी पनि छन् र उत्साहित पनि भएका छन्। र उनीहरूलाई विद्यालय शिक्षा आरम्भ या भनौं नयाँ कक्षा आरम्भको शुभकामना पनि म दिन चाहन्छु। अध्यक्ष महोदय, नानीबाबुहरू विद्यालय जान पाउँदा त खुसी छन्। तर उनीहरूका अभिभावकहरू दुःखको पहाडले थिचिएका छन्। कारण, विद्यालयको भर्नाको नाममा महँगो शुल्क असुलिरहेका छन्। यो शुल्क कसरी जुटाउने भन्ने अहिले अभिभावकहरू तनावमा पनि छन्। विद्यालयले भनेकै पसलमा भनेकै मूल्यमा पोसाक र किताब किन्न अभिभावकहरू बाध्य भएका छन्। यस्ता पसलहरूमा न discount नै पाइन्छ, न सहुलियत सुविधा नै छन्। Bargaining गर्न पनि पाईँदैन। अध्यक्ष महोदय, एकपटक भर्ना भएका विद्यार्थीले सो विद्यालयको अर्को कक्षामा पुग्दा भर्नाशुल्क लिन पर्दैन भनिए पनि अनेक शीर्षकमा अनेक शुल्क असुल्ने क्रम जारी नै छ। उदाहरणको लागि धेरै

निजी विद्यालयले annual fee, वार्षिक शुल्कको नाममा प्रत्येक विद्यालयमा कम्तीमा १०/२० हजार रुपैया उठाइरहेका छन्। वार्षिक शुल्क, पोशाक, किताब, कपी, सबै जोड्दा एउटा बच्चाको लागि कम्तीमा ५० हजारदेखि ७० हजार रुपैया जोहो गर्नुपर्ने बाध्यता अहिले अभिभावकहरूमा छ। सुन्दा नमिठो लाग्ला हामीलाई अध्यक्ष महोदय तर विद्यालयहरूले अभिभावकलाई चुसिरहेको अवस्था छ। अध्यक्ष महोदय, महँगो शुल्क तिर्न नसक्दा अभिभावकले मन लागेको विद्यालयमा आफ्ना छोराछोरी पढाउन पाइरहेका, सकिरहेका छैनन्। तर विडम्बना सरकार चुप छ। निःशुल्क शिक्षा र शिक्षाको समान अधिकारको नारा कागजमा मात्रै सीमित भएको अवस्था छ।

अध्यक्ष महोदय, अनेक stunt गर्ने शिक्षामन्त्री, अघि शिक्षामन्त्री पनि यहीँ हुनुहुन्थ्यो, मलाई खुसी लागेको थियो। उहाँकै अगाडि म बोल्न पाउँछु भनेर अहिले हुनुहुँदैन। कुनै अमुक विद्यालयको मात्रै प्रचार गरिरहनुभएको छ। उहाँले अभिभावकको दुःख देख्नुहुन्न, विद्यालयमा भर्ना भएको नाममा लुट देख्नुहुन्न, विद्यालयमा छात्रवृत्तिमा पहुँचवाला ओगटेर वास्तविक लक्षित वर्ग वञ्चित भएको देख्नुहुन्न, बरु कसरी चोर बाटोबाट कर्मचारी भर्ना गर्न सकिन्छ भन्ने मात्र ध्यान उहाँमा रहेको छ। त्यसैले उहाँले प्रशिक्षार्थी कर्मचारीसम्बन्धी कार्यविधि जारी गर्नुभएको छ। सम्माननीय अध्यक्षज्यू, यो प्रशिक्षार्थी कर्मचारीको नाममा आफ्नो आसेपासेलाई जागिर खुवाउने प्रपञ्च मात्रै हो। यो सरकारी कर्मचारीको अविश्वास हो, सरकारी कर्मचारीमाथि अविश्वास हो। भर्खरै तङ्ग्रिन लागेको अर्थतन्त्र, अर्थ व्यवस्थापन थप भार थप्ने काम भएको, हुन लागेको छ। त्यसैले यो कार्यविधि खारेज होस्, खारेज होस्। र उपलब्ध कर्मचारी जनशक्तिबाटै काम गराउने व्यवस्था होस्। अध्यक्ष महोदय, विद्यालयमा सम्पूर्ण शिक्षा निःशुल्क होस् र सरकारी विद्यालयको शिक्षाको गुणस्तर उकास्न थप ध्यान जाओस्। म यस मञ्चबाट भन्न चाहन्छु।

साथसाथै अहिले देशमा प्रधानमन्त्री, गृहमन्त्री, आइजीपी, एआइजी सबै न्यायाधीश बन्ने परम्परा थालिएको छ। अध्यक्ष महोदयले रुलिङ गर्नुपर्‍यो। न्यायालय भएको कारणले यो न्यायाधीश बन्ने होइन, आफैं verdict दिने काम नहोस्।

साथसाथै अध्यक्ष महोदय, यो अहिले ८ खर्ब रुपैयाँ सहकारीको नाममा विभिन्न गरिब नेपाली जनताहरू ठगिएका छन्। यसमा नाम आएको छ गृहमन्त्रीको, त्यसैगरी ऊर्जामन्त्रीको नाम पनि आएको छ, त्यसैगरी श्रम मन्त्रीको आएको छ। उहाँहरूले मार्ग प्रशस्त गर्नुपर्छ भन्ने मलाई लाग्छ। साथसाथै अध्यक्ष महोदयलाई म के भन्न चाहन्छु भने यो दुई/दुईवटा चिज किन बनाउनुपर्ने रहेछ? नागरिकता दुइटा बनाउनुपर्ने, पासपोर्ट दुइटा बनाउनुपर्ने, एउटा एक पटक

प्राप्त चिज हुँदाहुँदै एउटा प्राप्तिले सबै कुछ पाउनेमा दुइटा किन बनाउनुपर्ने? यो अमुक .....(समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य तुलसा कुमारी दाहाल। यसपछि माननीय पदम बहादुर परियार। तुलसा कुमारी दाहाल। समय ७ मिनेट।

(१४:०४ बजे) **<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज म विशेष समयमा काठमाडौं उपत्यकामा अस्थायी रूपमा बसोबास गरी अनौपचारिक क्षेत्रमा कार्यरत रहनुभएका स्वरोजगार श्रमिकहरूको विषयमा केही आफ्नो धारणा राख्न चाहन्छु। आफ्नो खेतीको जमिनबाट जीवन गुजारा नचल्ने भएपछि भोकमरी र गरिबी, बेरोजगारीको अवस्थालाई छल्न बालबच्चाको शिक्षा र अभिभावकको उपचारको लागि विभिन्न सिलसिलामा गाउँबाट सहरमा आएर बसोबास गर्ने क्रम रहेको छ। स्वरोजगार पेसा व्यवसायमा संलग्न हुनुभएका अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई लखेटेर, धम्क्याएर, कुटपिट गरेर समस्याको समाधान हुँदैन। उनीहरूका पेसा र व्यवसायलाई व्यवस्थित गर्नु राज्यको दायित्व हो। राष्ट्रिय योजना आयोगको तथ्याङ्क, विभागको तथ्याङ्कअनुसार काठमाडौं, ललितपुर र भक्तपुरमा मात्र ३७ लाख अस्थायी रूपमा बसोबास गर्ने जनताहरू रहेको भनेको छ र त्यसमध्ये ५ लाख चाहिँ अनौपचारिक क्षेत्रमा कार्यरत छन्। सन् २०२१ को तथ्याङ्कअनुसार विकसित देशको कुल जनसङ्ख्यामध्ये सहरी क्षेत्रमा ६७.३% बस्ने र ग्रामीण क्षेत्रमा ३२.७% बस्ने गर्दछन्। गरिब देशहरूमा कुल जनसङ्ख्यामध्ये सहरी क्षेत्रमा ४७.६% र ग्रामीण क्षेत्रमा ५२.२% बस्ने गरेको तथ्याङ्क छ। हाम्रो देशमा हरेक वर्ष थप ५ लाख थप जनशक्ति कामको लागि बजारमा प्रवेश गर्ने गरेको छ। उनीहरूमध्ये केही आन्तरिक खपत हुने र केही वैदेशिक रोजगारीमा जाने गरेका छन्। र तीमध्ये केही अनौपचारिक क्षेत्रमा कार्यरत छन्। काठमाडौं उपत्यकामा कार्यरत स्वरोजगार तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरू विभिन्न क्षेत्रमा कार्यरत रहेको पाइन्छ। उदाहरणको रूपमा कबाडी मजदुरहरू, साइकल ठेला व्यवसायीहरू, काठ तथा निर्माण क्षेत्रमा काम गर्ने मजदुरहरू, चिया होटल बारमा काम गर्ने मजदुरहरू, खाजा पसल र मनोरञ्जनका क्षेत्रमा काम गर्ने श्रमिकहरू, सिलाइ बुनाइ र बुटिक पसलहरूमा काम गर्ने व्यक्तिहरू, ग्यारेज तथा यातायातको क्षेत्रमा कार्यरत मजदुरहरू र सडक क्षेत्रमा स्वरोजगार व्यवसाय गर्ने व्यवसायीहरू रहेका छन्। उनीहरूको पहिचानको समस्या मात्र छैन अस्वस्थ वातावरण, असुरक्षित कार्यथलो, ठगीमा पर्ने, न्यूनतम ज्याला नपाउने, पारिश्रमिक नपाउने,

हिंसामा पर्ने, इच्छाविरुद्धको काममा लगाउने, यौन शोषण जस्ता जघन्य अपराधमा पर्ने गरेका उदाहरणहरू पाइन्छ। अन्तर्राष्ट्रिय श्रमिक सङ्गठनसम्बन्धी अभिसन्धिको धारा १६९ ले श्रमिकहरूको मर्यादित काम र सुरक्षित रोजगारी तथा श्रमको उत्पादकत्वको अधिकारको प्रत्याभूति गरेको छ। नेपालको संविधानको धारा ३३ ले रोजगारीको हक र धारा ३४ ले श्रमसम्बन्धी हकको व्यवस्था गरेको छ। यस्तै श्रम ऐन, २०७४ छ, सामाजिक सुरक्षा ऐन, २०७४ छ, रोजगारी हकसम्बन्धी ऐन, २०७५ छ, रोजगारी हकसम्बन्धी नियमावली, २०७५ छ, कार्य थलोमा हुने हिंसा यौनजन्य नियन्त्रण दुर्व्यवहार नियन्त्रण गर्ने ऐन, २०७१ छ। राष्ट्रिय सरोकार नीति, २०७१ छ, वैदेशिक रोजगार नीति, २०६८ मात्र छैन कि। नेपाल सरकारले व्यवस्थित गर्नको निम्ति वैदेशिक रोजगार विभाग, वैदेशिक व्यापार बोर्ड, वैदेशिक रोजगार न्यायाधीकरण, काउन्सिलर सेवा विभाग, प्रधानमन्त्री स्वरोजगार निर्देशिका समेतको संरचना र कार्यविधिसमेत बनाएको देखिन्छ। तर पनि अनौपचारिक क्षेत्रमा कार्यरत स्वरोजगार श्रमिकहरूको बारेमा, उनीहरूको विषयमा सम्बोधन र पहिचान र न्याय पाउन नसकेको स्थिति छ।

सम्माननीय अध्यक्ष महोदय, वैदेशिक रोजगारीमा जाने श्रमिकहरूले पठाएको विप्रेषण, remittance ले राष्ट्रको अर्थतन्त्रमा ठुलो टेवा पुगेको छ। यसो भनिरहँदा स्वदेशमा आन्तरिक रूपमा कार्यरत स्वरोजगार व्यवसायी, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको विषयमा पनि सम्बोधन गर्न आवश्यक छ। आन्तरिक रूपमा देशभित्र सञ्चालित उद्योग व्यवसायलाई राज्यले दर्ताको माध्यमले कर प्रणालीमा आबद्ध गर्न आवश्यक छ, अभिलेख गर्न आवश्यक छ। कार्यरत श्रमिकहरूको पहिचान, न्यूनतम पारिश्रमिक, सुरक्षालगायतका विषयमा सम्बोधन गर्न अब ढिलो भइसकेको छ। म नेपाल सरकारलाई अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको अधिकारको संरक्षणको लागि सम्माननीय अध्यक्षमार्फत अलग र छुट्टै कानुन निर्माण गरी व्यवस्थापन गर्नको लागि आग्रह गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, एउटा दुःखद घटना घट्यो। २०८० फागुन १६ गते काठमाडौँ महानगरपालिकामा रातीको समयमा कबाडी श्रमिकहरू कुटिए, घाइते भए, बल प्रयोग भयो, धम्की दिइयो र उनीहरूले यहाँ अब नगर पेसा भन्ने कुरा भयो। के अब गरिबले पेसा व्यवसाय गरेर खान नपाउने अवस्था हो? के सहर अब धनी व्यक्तिको मात्रै हो, गरिबको होइन? एउटा प्रश्न चिह्न खडा भएको छ। महानगरपालिकाले समस्या समाधान गर्न भन्दा पनि बल्झाउने काम गरेको छ। अमानवीय, अमर्यादित व्यवहार गर्ने होइन बरु कबाडी सञ्चालकहरूको लागि स्थान तोकेर व्यवस्थापन गर्न आवश्यक छ। यसतर्फ म ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, सरकारले श्रमशक्तिलाई सीपसँग जोड्ने, सीपलाई उत्पादन र व्यवसाय रोजगारीसँग जोड्ने लक्ष्य लिएको छ। प्राकृतिक स्रोत सम्पदा साधनको उपयोग गर्ने गरी नीति कार्यक्रम ल्याउन आवश्यक छ। अनौपचारिक क्षेत्रमा कार्यरत व्यवसायी तथा कार्यरत श्रमिकहरूको सही तथ्याङ्क व्यवस्थापन गर्न पनि जरुरी छ। रोजगारीको सुरक्षा, कार्यघण्टा निश्चित गर्ने ,न्यूनतम पारिश्रमिक तोक्ने र उपलब्ध गराउने कुरो भएको छ कि छैन? भन्ने कुरोको लागि संयन्त्र निर्माण गर्नुपर्ने आवश्यकता छ। संयन्त्र निर्माण गरेर व्यवस्थापन गर्नको निम्ति म अनुरोध गर्न चाहन्छु। विद्यालय शिक्षा, विश्वविद्यालय शिक्षाको पाठ्यक्रम, श्रमसम्बन्धी विषय राखी श्रम विज्ञ उत्पादन गर्ने योजना पनि सरकारको हुनुपर्छ। नीति तय गर्न, योजना बनाउन र कार्यान्वयन गर्न आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरूप हरेक पालिकामा श्रमिकहरूको पञ्जीकरणको लागि श्रम डेक्स राख्न आवश्यक छ। श्रम डेक्स राख्यौं भने श्रमिकहरूको सूचीकरण गर्न सक्यो भने एकातर्फ तथ्याङ्क अभिलेख हुन्छ र अर्कोतिर कुन पालिकामा कति श्रमिकहरू छन् भन्ने कुरा हामीलाई डाटाहरू चाहिँ प्राप्त हुन सक्छ, तथ्याङ्क प्राप्त हुन्छ र सरकारलाई कार्यान्वयन गर्नको निम्ति सहज हुनेछ। नेपाल सरकारले दिगो विकासको लक्ष्य प्राप्त गर्नको लागि सोह्रौं विकास आयोजना सुरुवात गर्दैछ। समावेशी आर्थिक अर्थतन्त्र वृद्धि, उत्पादनशील कार्य सम्मान र मर्यादित रोजगारी बालश्रमको अन्त्य र कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा नियन्त्रणको लागि सोह्रौं पञ्चवर्षीय योजनामा अनौपचारिक श्रमिक क्षेत्रमा कार्यरत श्रमिक, सडक रोजगार, अनौपचारिक क्षेत्रमा कार्यरत व्यवसायीहरूलाई पनि समेट्न आवश्यक छ। .....(समय सकिएको)।

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय पदमबहादुर परियार समय १२ मिनेट। यसपछि माननीय झक्कु प्रसाद सुवेदी।

**(१४:१२ बजे) <u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विशेष समयमा बोलिरहँदा म सर्वप्रथम एउटा दुखद खबर यहाँहरूलाई जानकारी गराउन चाहन्छु । यही मिति २०८० चैत्र १८ गते काठमाडौंबाट गोरखातर्फ जाँदै गरेको बा २ ज ४१ ९६ नम्बरको ट्याक्सी पृथ्वी राजमार्गको मुग्लिन नजिक इच्छाकामना गाउँपालिका वडा नं ५ मा दुर्घटना भई गोरखा नपा वडा नम्बर ७ निवासी जुनकिरी रोकाया, हरिमाया उपरकोटी, आगमन रोकाया, अन्जना रोकाया र अर्जुन श्रीमानको दुःखदायी निधन भएको थियो, अर्को एकजना विवश रोकाया बेपत्ता भएको चार दिनपछि आज बुधबार मृत अवस्थामा फेला परेका

छन्। यी सबै मृतकहरू एकै परिवारका रहेका थिए। यस पीडादायी घटनामा निधन भएका सम्पूर्ण दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। किरियामा बसिरहनुभएका पीडित परिवारका श्रीमती बबिता रोकायालाई आवश्यक सहयोग उपलब्ध गराउन सम्बन्धित निकायको ध्यानाकर्षण पनि गराउन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय पछिल्लो लटमा राष्ट्रिय सभा सदस्य बनेको आज ठ्याक्कै एक महिना पुगेछ। अघिल्लो फागुन २१ गते यही हलबाट हामीले सभासद भएर आफ्नो कार्यक्रम सुरु गरेका थियौं। आज ठ्याक्कै एक महिना पुगेछ। एक महिनामा असाध्यै उत्साहित भएर केही सिक्ने अठोटका साथ केही राज्यलाई योगदान गर्ने अठोटका साथ हामी काम गरिरहेका छौं। केही तितामिठा अनुभवहरू छन्। काम गर्दै जाँदाखेरि तितामिठा अनुभव हुनु स्वाभाविक पनि हो। तर एउटा मात्रै सम्माननीय अध्यक्षज्यूलाई के जानकारी गराउन चाहन्छु भने भर्खर सिक्ने र केही गर्ने भनेर आइरहँदा खेरि कम्तिमा सिक्न चाहने व्यक्तिहरूलाई सामान्य अभिमुखीकरणको कार्यक्रमहरू भइदिएको भएदेखि अझै प्रभावकारी तरिकाले संसदमा भूमिका खेल्न सकिन्थ्यो भन्ने मैले महसुस गरेको छु। एक महिना बितिसक्दा पनि एउटा सामान्य अभिमुखीकरण पनि नहुँदा अलिकति अप्ठ्यारो परेको म यहाँलाई जानकारी गराउन चाहन्छु।

अर्को एउटा खुसीको कुरा पनि म यो सदनमा सेयर गर्न चाहन्छु। खास गरीकन तनहुँ म्याग्दे तनहुँका म्याग्दे ७ का दीपक भण्डारी चैत्र ६ गतेदेखि शान्तिवाटिकामा धर्ना बसिरहनुभएको थियो। उहाँले अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिहरूलाई खासगरी पूर्ण र अति असक्त अपाङ्गता भएका व्यक्तिहरूलाई नेपाल सरकारले व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउनुपर्छ भन्ने माग राखेर उहाँ धर्नामा बस्नुभएको थियो। विभिन्न अपाङ्गता भएका व्यक्तिका सङ्घ संस्थाहरूले त्यसलाई सहयोग पनि गर्नुभयो। आन्दोलनमा सहभागी पनि जनाउनुभयो। हामी पनि त्यो आन्दोलनमा एकबद्धता जनायौ र अस्ति १४ गते चैत्र १४ गते नेपाल सरकार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयसँग एउटा सहमति सम्झौता भएर त्यो धर्ना टुङ्गिएको छ। खास गरीकन त्यो सम्झौताअनुसार ११ जनालाई, ११ जना पूर्ण अशक्त तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरूलाई यो २०८०/८१ सालदेखि लागू हुने गरेर व्यक्तिगत सहयोगी सेवा उपलब्ध गराउने र त्यो व्यक्तिगत सहयोगी सेवासम्बन्धी कार्यक्रम र मापदण्डको मस्यौदा दुई हप्ता भित्र तयार पार्ने भनेर सम्झौता भएको थियो। आज कम्तिमा एक हप्ता बितिसकेको छ। मापदण्ड बनाउने प्रक्रिया नेपाल सरकारले सुरु त गरेको छ तर धर्नामा बसिरहनुभएका अत्यन्त पूर्ण अशक्त अपाङ्गता भएका व्यक्ति दीपक भण्डारी यो कार्यक्रम र मापदण्ड सरकारले नल्याएसम्म म काठमाडौंबाट फर्किन्नँ। नत्र भए कार्यान्वयन हुन्छ कि हुँदैन मलाई विश्वास छैन

भनेर विभिन्न दुःखजिलो गरेर काठमाडौंमै बसिरहनुभएको छ। तसर्थ म नेपाल सरकार दीपक भण्डारीले सम्पूर्ण अभिभावक सहयोगीहरूमा र आन्दोलन गर्नुभएकोमा आभार पनि प्रकट गर्दछु भने यो कार्यविधिलाई तत्काले बनाएर दीपक भण्डारीलाई आन्दोलनकर्ता दीपक भण्डारीलाई घर फर्किने वातावरण बनाउनको लागि अनुरोध पनि गर्दछु। नेपाल सरकारसँग माग पनि गर्दछु सभाध्यक्ष महोदयमार्फत र सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सदस्यको रूपमा नेपाल सरकारले गरेको यो सम्झौता कार्यान्वयन भयो, भएन भनेर नियमित रूपमा यसको follow up गरिराख्ने आफ्नो प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। अघि माननीय जितजंग बस्नेतले उठाउनुभएको जस्तै यो विद्यालय भर्ना अभियान अब वैशाखको २ गतेदेखि नेपाल सरकारले सुरु गर्दैछ। यसलाई नढाँटीकन भन्ने हो भने हुनत माननीय शिक्षामन्त्री पनि यही अगाडि भइरहँदाखेरि यो विषय उठाउँदा अझै प्रासंगिक भएको मैले महसुस गरेको छु। नढाँटीकन भन्ने हो भने यो विद्यालय भर्ना अभियान असाध्यै कर्मकाण्डी जस्तो कार्यक्रम भएको छ। सामान्य रूपमा यसो कहिलेकाहीं एक दुईटा घरहरूमा गएर विद्यार्थी छ छैनन् भनेर हेर्ने तर दूरदराजमा भएका विद्यालयमा आउनै नसकेका, विद्यालयमा जो विद्यालयको बारेमा थाहै नभएका, विद्यालय आउनलाई अत्यन्त कठिनाइ भएका विभिन्न कारणले त्यस्ता बालबालिकाहरूको खोजी खासै भएको छैन, यस्ता अभियानहरूमार्फत। नेपालको तथ्याङ्कले भन्छ लगभग ३% बालबालिकाहरू अहिले पनि विद्यालय भर्ना भएका छैनन्। ती ३ प्रतिशत बालबालिकाहरू मेरो अनुमानमा कर्णालीका बालबालिका हुनुपर्छ। तराईतिरका गरिब बालबालिकाहरू हुनुपर्छ। पक्कै पनि अपाङ्गता भएका बालबालिकाहरू हुनुपर्छ। अपाङ्गता भित्र पनि पूर्ण र अति अशक्त अपाङ्गता बालबालिकाहरू हुनुपर्छ भन्ने मैले विश्वास लिएको छु। र ती बालबालिकाहरूलाई विद्यालय नै टेक्न नपाउने परिस्थिति जुन बनेको छ त्यसतर्फ म सम्माननीय अध्यक्ष महोदयमार्फत माननीय शिक्षा मन्त्रीको विशेष ध्यानाकर्षण गर्न चाहन्छु। यहाँले आगामी छिट्टै यहाँले त्यससम्बन्धी त्यस्ता विद्यालयबाट ज्यादै टाढा भएका बालबालिकाहरूलाई कम्तिमा विद्यालयको ढोकासम्म लिएर आउने गरी कार्यविधि र कार्यक्रम लिएर आउनुहुनेछ। यहाँको त्यस्तो कार्यक्रम लिएर आउनुहुनेछ जो चार दिन पनि नटिकोस् कमसेकम दुई चार दिन दुई चार वर्ष चाहिँ कार्यान्वयन हुने गरेर, अलि सोचेर, अलि धेरै समय अध्ययन गरेर त्यस्ता कार्यक्रमहरू लिएर आइदिनुहुनेछ भन्ने म अनुरोध पनि गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म अलिकति थोरै लोकतन्त्र र संघीयताको सबलीकरणको सन्दर्भमा मेरा आफ्ना विचारहरू राख्न चाहन्छु। अहिले प्रदेश सरकारको गठन बडो चटारो हामीले देखिरहेका छौं। हामी सबैले लडेर २०४८ सालदेखि नै, २०६२/६३ को आन्दोलनदेखि

नै, २०५२ सालको आन्दोलनदेखि नै हामी सबै लडेर यो देशमा हामीले लोकतन्त्र, गणतन्त्र लिएर आयौं। संघीयता लिएर आयौं। संघीयताको एउटा महत्त्वपूर्ण अंश प्रदेश हामीले स्थापना गऱ्यौं तर प्रदेशलाई हामीले खासै गरी खान दिएका छैनौं। प्रदेशसम्बन्धी चाहिने आवश्यक नीति कानुनहरू पनि हामीले बनाउन सकेका छैनौं भने प्रदेशलाई संघको छाया सरकारको रूपमा हामीले विकास गरिरहेका छौं, अभ्यास त्यस्तो गरिरहेका छौं, त्यस्तो राजनीतिक अभ्यास गरिरहेका छौं। प्रदेशका जनताहरूलाई गएर हामीले सोधौं, नागरिकहरूलाई गएर सोधौं कैयौं मान्छेहरू के भन्नुहुन्छ भने यो प्रदेश चाहिँदैन। यो प्रदेश साह्रै गाह्रो भयो भनेर भन्ने चाहिँ नि धारणा राख्नुहुन्छ। वास्तवमा यो नागरिकहरूले प्रदेश चाहिँदैन भन्ने बनाएको हामी राजनीतिक दलका नेतृत्वकर्ताहरूले प्रदेशलाई बलियो बनाउने कुरामा, प्रदेशलाई अधिकार दिने कुरामा, प्रदेशले स्वस्फुर्त कार्यक्रम गर्ने कुरामा, स्वस्फुर्त काम गर्ने कुरामा जब जब संघको छायाँ पर्छ, जब जब संघका सरकारहरू, जब जब संघका गठबन्धनहरू ढल्छन्। गठबन्धनहरू फेरिन्छन् तब तब प्रदेशका सरकारहरू ढल्ने वातावरण यदि हामीले बनायौं भने यो प्रदेशलाई हामीले धेरै समयसम्म टिकाउन बडो मुस्किल पर्नेछ भन्ने मैले पनि बुझेको छु तसर्थ म सम्माननीय अध्यक्ष महोदयमार्फत सम्पूर्ण नेपालका राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छु, भर्खरै जरो गाडेको, हामीले भर्खरै स्थापना गरेको प्रदेशलाई अहिले नै हल्लाउने गरीकन त्यस्ता राजनीतिक अभ्यासहरू नगरौं । यो गणतन्त्रको लागि लडेका गणतन्त्रको हिमायती पक्षहरूले नै यदि हामीले नै त्यस्तो गलत राजनीतिक संस्कार र अभ्यासहरू गर्यौं भने गणतन्त्र र संघीयतालाई जोगाउन बडो मुस्किल पर्नेछ भन्ने मैले बुझेको छु। तसर्थ म त्यसतर्फ पनि सचेत गराउनको लागि, सचेत हुनको लागि म अनुरोध गर्न चाहन्छु।

अन्त्यमा, मलाई एउटा विषय उठाउन मन लागेको छ। आज ठ्याक्कै एक महिना भयो अघि पनि मैले भने यो सार्वभौम संसदले विगत एक महिनादेखि उठाइरहेका विभिन्न विशेष समयमा, सुन्ने समयमा उठाइरहेका सांसदहरूका विभिन्न जिज्ञासा, प्रश्नहरूको अहिलेसम्म सुनुवाइ भएको जस्तो मैले बुझ्या छैन। म सम्माननीय अध्यक्ष महोदयलाई विशेष अनुरोध गर्न चाहन्छु। हामीले बोलिराख्ने, हामीले गाला बजाइराख्ने तर सुन्नुपर्ने निकायले केही पनि सुन्नुनपर्ने जवाफ पनि दिन नपर्ने हो भने हामीले कसरी सार्वभौम संसद भन्ने हो। त्यो बडो ठुलो जिज्ञासा मेरो मनमा म एउटा कान्छो सदस्यको रूपमा मेरो जिज्ञासा चाहिँ आइरहेको छ। म सभाध्यक्षले यस विषयमा सोच्दिनुहुनेछ भन्ने अनुरोध पनि गर्न चाहन्छु र अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, केही माननीयले संसदीय मर्यादाभित्र रहेर बोलेको विषयलाई पनि अर्को वक्ताहरूले हाँसी मजाक गर्ने परिपाटीको विकास यसमा माननीय सदनमा भइरहेको छ। तसर्थ यो यस्ता खालका गलत

अभ्यासहरूलाई बेलैमा चाहिँ सचेत गराउने बेलैमा यस्ता संस्कारहरूलाई चाहिँ हटाउनेतर्फ पनि सम्मानित सम्माननीय अध्यक्ष महोदयले विशेष ध्यान दिनुहुनेछ भन्दै मेरा आफ्ना भनाइहरू शेष गर्न चाहन्छु। हस् त, नमस्कार।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य झक्कु प्रसाद सुवेदी। समय १५ मिनेट।

)१४:२४ बजे (**<u>माननीय श्री झक्कु प्रसाद सुवेदी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज विशेष समय चलिरहेको छ। आज हामी यो राष्ट्रिय सभामा हाजिर भएको ठिक एक महिना पुगेको छ र आज पहिलोपटक विशेष समय चलेकोमा मलाई खुसी लागेको छ। विशेष समयभन्दा विशेष समयमा विशेष कुराहरू हुन्छन्। यहाँ पूर्ववक्ता माननीयज्यूहरूले आफ्नोआफ्नो विशेष कुरा राख्नुभएको छ। तर मैले त्यस्तो विशेष कुरा राख्ने मैले सोचेको छैन। समय त कार्यक्रम त विशेष समयको छ। तर मलाई फेरि केही विषय विशेष लागेको छ । त्यसमा दुईवटा विषय छन्, म पहिलो विषय राख्छु। त्यो हो यो राष्ट्रिय सभा। आज राष्ट्रिय सभाको बारेमा यहाँ माननीयज्यूहरूले आफ्नो धारणाहरू राख्दा मैले एक महिनादेखि सुनिराखेको छु। यो राष्ट्रिय सभामा हामी नआउँदै पनि हामीले सुनिराखेका थियौं। केही असन्तुष्टिहरू उहाँहरूले राख्नुभएको हामीले सुनेका छौं। म आज यही विषयमा राख्न चाहन्छु। राष्ट्रिय सभामा किन असन्तुष्टि भयो? राष्ट्रिय सभा प्रतिनिधि सभा भन्दा किन फरक भयो ? यो विषयमा यहाँ धेरै चर्चा भएको छ। यो राष्ट्रिय सभा कुनै दिन भारदारी सभा थियो, कुनै दिन महासभा थियो, ४६ सालपछि राष्ट्रिय सभा भयो। तर यो ६२/६३ को आन्दोलन पछिको यो राष्ट्रिय सभा मूलभूत रूपमा ७२ सालपछिको राष्ट्रिय सभा नयाँ संविधान संघीय लोकतान्त्रिक गणतन्त्रले गणतन्त्रबाट स्थापित भएको राष्ट्रिय सभा यो फरक सभा हो। यसलाई हामीले फरक भनेर बुझ्नुपर्छ, यदि फरक भनेर हामीले बुझेनौं भने हामीमा निराशा मात्रै आउँछ। पहिलो विषय त म राख्छु। हाम्रै छिमेक छिमेकी देश भारतमा पनि त्यहाँ दुईवटा सभा छ दुई प्रकारको सभा छ, लोकसभा र राज्यसभा। त्यहाँ राज्यसभाको सदस्य पनि देशको प्रधानमन्त्री हुन पाउँछ। मनमोहन सिंह उदाहरणको रूपमा हुनुहुन्छ। उहाँ दुईदुई पटक राज्यसभाबाट निर्वाचित भएर, आसामको राज्यसभाबाट निर्वाचित भएर उहाँ दुई दुई पटक प्रधानमन्त्री हुनुभयो। तर नेपालको संविधानमा नेपालको राष्ट्रिय सभामा निर्वाचित भएको सदस्य देशको प्रधानमन्त्री हुनेछ भन्ने छैन, प्रधानमन्त्री हुन पाउँदैन। त्यसकारणले गर्दा त सबभन्दा ठुलो विभेद यहीं भइहाल्यो। यति ठुलो राजनीतिक विभेद भइसकेपछि प्रतिनिधि सभा र राष्ट्रिय सभामा फरकपन आउने कुरा स्वाभाविक

हो भन्ने लाग्छ। जब यति फरक भइसकेपछि व्यवहार पनि फरक हुन्छ। व्यवहार फरक भएको कुरा विगतमा माननीय सदस्यज्यूहरूले बोलिराखु भएको छ र अहिले पनि हामी सुन्दैछौं। संविधानले प्रतिनिधि सभालाई केही विशेष अधिकार दिएको छ। एउटा अधिकार त मैले राखिहालें। अर्को सरकार बनाउने अधिकार, सरकारबाट हटाउने अधिकार जो अधिकार राष्ट्रिय सभालाई छैन। अर्थ विधेयक प्रतिनिधि सभामा मात्रै प्रस्तुत हुन्छ। यो कुरा स्वाभाविक हो भन्ने लाग्छ। मैले अरू देशको अध्ययन गर्दा पनि भारतमा पनि लोकसभामा पनि प्रस्तुत गर्दै त्यहाँका अर्थमन्त्रीले अर्थ विधेयक। अर्को विभेद छ प्रतिनिधिसभाले पारित गरेर पठाएको विधेयक राष्ट्रिय सभामा ६० दिनभित्र पारित गरेर पठाउनुपर्छ। यदि नपठाए त्यो स्वतः अगाडि बढ्छ। तर राष्ट्रिय सभाले पारित गरेर पठाएको विधेयक प्रतिनिधिसभाले वेवास्ता गर्दा पनि केही फरक पर्दैन। यति ठुलो विभेद छ। त्यसपछि फरकपन आउँछ कि आउँदैन?

सम्माननीय अध्यक्ष महोदय। यो त संविधानमा त्रुटी छ। संविधान लेख्ने बेलामा निश्चित व्यक्तिहरू पार्टीका प्रमुख नेताहरू थोरै पार्टीका थोरै नेताहरू बसेर त्यो संविधानलाई अन्तिम निष्कर्षमा पुऱ्याउनुभयो उहाँहरूले। पास त संविधानसभाले गर्यो कानुनी रूपमा, म तपाईलाई एउटा उदाहरण दिन्छु अध्यक्ष महोदय, जस्तो अहिले हाइस्कुलको एउटा सामाजिक शिक्षाको एउटा कोर्समा एउटा पाठमा के छ भन्नुहुन्छ भने कर्णालीमा बसोबास गर्ने मुख्य जनसमुदायहरू कुन कुन हुन्? भन्ने छ। त्यसमा छ ब्राह्मण, क्षेत्री, ठकुरी, मुस्लिम। त्यहाँ दलित छैन। त्यहाँ २२-२३% दलित छन्।सबभन्दा बढी दलित भएको क्षेत्र कर्णाली हो। तर त्यो दलितको त्यहाँ नाम निसान छैन। मुख्य समुदायमा पर्दैन। मुख्य जातिमा पर्दैन। किन पर्दैन भने त्यो लेख्ने त्यो किताब दलितले लेखेको होइन के त्यो किताब। त्यो किताब दलित बाहेक अरूले लेखे। यस्ता गलत कुरा पढाइन्छ त्यस्तै प्रकारले संविधान पनि त्यस्तै भयो। मैले उदाहरण पेस गरेको। संविधान दलित लेख्ने, महिलाले लेख्ने, जनजातिले लेख्ने, किसान मजदुरले लेख्ने त्यो लेखेको भए यति ठुलो विभेद आउनेवाला थिएन। म त भन्छु यो विभेदको बारेमा अब बहस गरौं। राष्ट्रिय सभामा हामी बहस गरौं। यो राष्ट्रिय सभा राजनीतिक सभा हो कि प्राविधिक सभा हो? यो राष्ट्रिय सभा राजनीतिक सभा हो। यहाँ हामीले पोखराको मनोरम दृश्यको बारेमा त्यति व्याख्या गर्नुपर्दैन हामीले यहाँ। यहाँ हामीले पूर्वको सौन्दर्यताको बारेमा त्यति व्याख्या गर्नुपर्दैन। तपाईं हामीलाई थाहा छ सरकारले बिजनेस दिन्छ। सभालाई सरकारले बिजनेस दिन्छ। तर सरकारले सधैं बिजनेस दिन सक्दैन। सरकारले बिजनेस दिन नसकेको खण्डमा राष्ट्रिय सभाले आफै बिजनेस create गर्नुपर्छ। आज यो सरकारले दिएको बिजनेसमा हामी छलफल गर्दैछौं र? यस्ता छलफल हामीले राख्नुपर्छ। हामीले हीनताबोध गर्ने होइन। आत्मग्लानी गर्ने होइन राष्ट्रिय सभा सदस्य

भएको कारणले हामीले हिनता बोध गर्न जरुरी छैन। जसरी कर्णालीमा त्यहाँका दलितहरू जसरी प्रमुख जनसमुदायमा परेनन् भनेर उनीहरूले हीनताबोध गरे उनलाई सङ्घर्ष गर्न सिकाउनुपर्छ हामीले। यहाँ पनि हामी छलफल गरौं, हामी बहस गरौं। हाम्रा आफ्ना आआफ्ना भावनाहरू, आ-आफ्ना विचारहरू, आआफ्ना धारणाहरू यहाँ पेस गरौं, जनतालाई सुनाऔं। अध्यक्ष महोदय प्रतिनिधि सभा सञ्चालन नहुँदा राष्ट्रिय सभा सञ्चालन गर्न पाउनुपर्छ। कुनै दिन प्रतिनिधिसभा विघटन भयो। तर राष्ट्रिय सभा पनि विघटन जस्तै भयो। त्यो कागजमा मात्रै भयो राष्ट्रिय सभा। राष्ट्रिय सभाले कुनै पनि आफ्ना क्रियाकलापहरू अगाडि बढाउन सकेन बैठक गर्न सकेन। यो पनि ठुलो विभेद हो। यो संविधान संशोधन गर्नुपर्छ। प्रतिनिधिसभा नचल्दा पनि राष्ट्रिय सभा चलाउन पाउनुपर्छ। मैले पहिले जुन विषय राखे यो पनि सबै संविधानसँग सम्बन्धित विषयहरू हुन्। अध्यक्ष महोदय, हामीले जतिखेर सरकारले हामीलाई बिजनेस दिन्छ त्यतिखेर मात्रै सभा सञ्चालन गर्छ। यो सभा एक महिनामा छ सात दिनभन्दा बढी हामी यहाँ सभामा बसेका छैनौं हामी। यो सभा चलेको छैन। त्यही पनि एकदिन चुनाव भयो एकदिन हामीले हाम्रा धारणा राख्यौ। प्रतिबद्धता राख्यौं जम्मा चार पाँच दिन मात्रै चलेको छ। तर राष्ट्रिय सभा चलिराख्नुपर्छ। अब मलाई लाग्छ अब फेरि एक हप्ता नचल्ला प्रतिनिधिसभा २७ गतेसम्म स्थगित भएको छ। हाम्रो पनि २७ गतेसम्म स्थगित हुन सक्छ। मलाई थाहा छैन। हामीले स्थगित गर्न जरुरी छैन। हामीले छलफल गर्नुपर्छ जनताका विषयहरूमा हामीले छलफल गर्न पाउनुपर्छ। हामी जनताका प्रतिनिधि हौं हामी। हामी त साँच्चै भन्नुहुन्छ भने प्रदेश र स्थानीय तहका प्रतिनिधिहरूका अभिभावकको संस्था हो यो। यो संस्था अभिभावक भएपछि हामी राष्ट्रिय सभाका सदस्यहरू हामी अभिभावक हौं। प्रतिनिधि सभाको सदस्यलाई एउटा सामान्य जनताले पनि भेट्छन्। तपाईंहरूलाई कस्तो लागिरहेको छ थाहा छैन। हामीलाई सामान्य जनताले भेट्दैनन्। हामीलाई मेयरले भेट्छन् उपमेयरले भेट्छन्। प्रदेश सभाका सदस्यले भेट्छन्। प्रदेशका मन्त्रीले हामीलाई फोन गर्छन्। हाम्रो जनतासँग प्रत्यक्ष सम्बन्ध कम हुने रहेछ। तर जनताका प्रतिनिधिसँग हाम्रो सम्बन्ध छ। अब बजेटको सेसन चल्दैछ। बजेटको बारेमा उनीहरूले आफ्ना कुराहरू ल्याएर आउँछन्, आफ्ना मागहरू ल्याएर आउँछन्। हामीले त्यसको बारेमा यहाँ छलफल गरौं। हामीले अरण्य रोदन गरेर केही काम छैन। हामी डटौं। हामी दरो तरिकाले बहस गरौं हामी। हामी मन्त्रीहरूसँग बहस गरौं। उहाँहरूलाई सबै कुरा थाहा छ उहाँहरू नि हिजो सांसद हुनुहुन्थ्यो। उहाँहरू पनि अन्यायमा पर्नुभएको थियो। एउटा सांसद हुँदा जनताले कति माग राख्छन्, जनताले कति अप्ठ्यारोमा पार्छन् त्यो कुरा उहाँहरूलाई राम्रो तरिकाले थाहा छ। उहाँहरूसँग छलफल गरौं, हामी उहाँहरूसँग बहस गरौं हामी राष्ट्रिय सभा सदस्य भएको कारणले हामीले हिनता बोध नगरौं।

अध्यक्ष महोदय, म दोस्रो विषय राख्न चाहन्छु। एकदम छोटोमा। यहाँ विषय चलिराखेको छ। जसरी प्रतिनिधि सभामा घोचपेच छ। यसरी राष्ट्रिय सभामा छैन। किनभने हामीले पहिल्यै भनिसक्यौं त्यो प्रतिनिधिसभा भनेको सरकार बनाउने र सरकार हटाउने थलो हो। त्यो संस्था भएको हुनाले त्यहाँ अलि बढी घोचपेच हुन्छ। हामीले यहाँ घोचपेच गर्न जरुरी छैन। तर हामीले भनिसक्यौं यो राजनीतिक सभा हो। यहाँ राजनीतिक छलफल हुन्छ। तर प्रतिनिधि सभा जस्तो यहाँ संसद अवरुद्ध हुँदैन। त्यसको छायाँ त्यसको प्रभाव यहाँ नपरोस्। पूर्ववक्ता माननीयज्यूले भन्नुभयो यो सरकार समीकरण बदलिने कुरा सामान्य कुरा हो। मैले पनि यो भन्दा पहिले बोल्दा मैले भनेको थिएँ। यो भइरहन्छ, यसलाई सामान्य रूपमा लिनुपर्छ। हामी राष्ट्रिय सभाको अधिकारको बारेमा हामी डटौं, एकजुट हौं। यति भन्दै मेरा भनाइहरू टुङ्ग्याउने अनुमति चाहन्छु। धन्यवाद।

(१४:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रपतिको कार्यालयबाट विधेयक प्रमाणीकरणसम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब म उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

**विषयः विधेयक प्रमाणीकरण गरी पठाइएको।**

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूबाट नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण भएको देहाय बमोजिमको विधेयकको प्रमाणीकृत प्रति थान १ (एक) यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध गर्दछु।

| विधेयकको नाम | प्रमाणीकरण मिति |
|---|---|
| अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० | २०८०/१२/१६ |

(डिल्ली राम शर्मा)
सचिव
२०८० चैत १६

माननीय सदस्यहरू, राष्ट्रिय सभाका विषयगत समितिमा रहनुहुने देहाय बमोजिमका माननीय सदस्यहरूको समिति हेरफेर र मनोनयन गरेको छु।

(क) माननीय सदस्य मनरूपा शर्मालाई विकास, आर्थिक मामिला तथा सुशासन समिति बाट संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा हेरफेर र

(ख) माननीय सदस्य उर्मिला अर्याललाई विकास, आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन गरेको छु।

माननीय सदस्यहरू, संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०८० को नियम २५ को उपनियम (२) बमोजिम संसदीय सुनुवाई समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य आनन्द प्रसाद ढुंगानालाई मनोनयन तथा सोही नियमावलीको नियम २८ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन समितिमा राष्ट्रिय सभाबाट माननीय सदस्य विमिला घिमिरेको सट्टामा माननीय सदस्य तुलसा कुमारी दाहालको नाम हेरफेर एवं मनोनयन गरेको छु।

माननीय सदस्यहरू, संघीय संसदको संयुक्त समिति र राष्ट्रिय सभाको विषयगत समितिका लागि माननीय सदस्यहरूको समिति हेरफेर एवं मनोनयनलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु। माननीय सदस्यहरू, संघीय संसदको संयुक्त समिति र राष्ट्रिय सभाको विषयगत समितिका लागि माननीय सदस्यहरूको समिति हेरफेर एवं मनोनयनलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावली, २०७५ को नियम (८) बमोजिम राष्ट्रिय सभाको उपाध्यक्ष पदको निर्वाचनको लागि सम्वत् २०८० चैत २८ गते बुधबारको दिन तोकेको छु। साथै नियमावली बमोजिम संघीय संसदको महासचिव श्री पद्म प्रसाद पाण्डेयलाई उपाध्यक्ष पदको निर्वाचन कार्यक्रमसम्बन्धी सूचना प्रकाशित गर्न निर्देशन दिन्छु।

माननीय सदस्यहरू, अब म सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' कोतर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन, २०७९/०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:४३ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सूचना आयोगको वार्षिक प्रतिवेदन २०७९/८० सम्मानित सभासमक्ष पेस गर्दछु । धन्यवाद।

(१४:४४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल चैत २८ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८० साल चैत २८ गते बुधबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः १४:४४ बजे।**